# मेरिङदेन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(योजना तथा अनुगमन शाखा)

सान्थाक्रा, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

विषयः-**मसलन्द तथा विविध कार्यालय सामाग्री खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना** ।

(प्रथम पटक प्रकाशित सूचना मितिः २०७९/०८/२७)

यस कार्यालयको चालु आ.व. २०७९/०८० को लागि निम्न बमोजिमको मालसामान/सामाग्रीआपूर्ति गर्ने सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम खरिद गर्नुपर्ने भएकोलेईच्छुक उत्पादक कम्पनी तथा अधिकृत बिक्रेता/सप्लायर्स फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

१. ईच्छुक उत्पादक कम्पनी वा त्यसको अधिकृत बिक्रेता/सप्लायर्सहरुले इजाजत-पत्र, स्था.ले.नं./आयकर/भ्याट दर्ता, र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रवा म्याद थपको कागजातहरुको प्रतिलिपीहरु समावेश गरि निवेदन दिई दस्तुर दरभाउपत्रको रु.१,०००|- (एक हजार मात्र) नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड सान्थाक्रा शाखाको खाता नं. १५३००००१३४०१ मा पछि फिर्ता नहुने गरि दाखिला गरेरयस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनसम्ममा कार्यालय समयभित्रदरभाउपत्र खरिद गरि १६(सोह्रौं) दिनको १२.०० बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक विदा परेमासम्पूर्ण कार्यहरु सोको भोलिपल्ट हुनेछ ।

३. सिलबन्दी दरभाउपत्र पेश गर्दा दरभाउपत्रदाताको ग्राह्यता सम्बन्धी आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको नोटरी प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

४. सिलबन्दी दरभाउपत्रफाराम राखिएको खाम बाहिर"कार्यालयको नाम, कामको विवरण र ठेक्का नंसमेत लेखी सिलबन्दी लाहाछाप गरिएको हुनुपर्नेछ ।

५. यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु १६ औं दिनको सोहि दिन २.०० बजे कार्यालयको प्रतिनिधिहरु र दरभाउपत्रदाताहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताहरु अनुपस्थित रहेमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. सिलबन्दीदरभाउपत्रपेश गर्नेले धरौटी रकम वापत यस कार्यालयको नाममा नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.को सान्थाक्रा शाखाको खाता न. १५३०००००००४०१ मा दाखिला गरेकोसक्कलै बैंकभौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट दरभाउपत्रको ७५ (पचहत्तर) दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गर्नुपर्नेछ । धरौटी रकम नगद जम्मा गर्नेको नाममा अनिवार्य रुपमा कम्पनि वा फर्मको नाम लेख्नुपर्नेछ र कुनै व्यक्तिको नाममा जम्मा भएको धरौटी मान्य हुनेछैन ।

७. सिलबन्दी दरभाउपत्र स्वीकृतीको जानकारी भएपछि स्वीकृत दरभाउपत्रदाताले खरिद सम्झौता गर्दा कबोल गरेको अङ्कको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०बमोजिम हुनआउने धरौटी रकम वा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेको कार्य सम्पादन जमानत पेश गरी स्वीकृत भएको ७ (सात) दिन भित्र सम्झौताको लागि कार्यालयमा उपस्थित हुनुपर्नेछ ।

८. सिलबन्दी दरभाउपत्रमा उल्लेखित परिमाणको सामाग्री आपूर्ति गर्ने प्रयोजनार्थः गाउँ कार्यपालिकाको कार्यालय, सान्थाक्रा, ताप्लेजुङको सम्बन्धित साईट सम्म ढुवानी गर्नुपर्नेछ ।

९. कबोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नुपर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०. कुनै शर्त राखी पेश गरिएको सिलबन्दी दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११. सूचनाको शर्त विपरित भएको कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएको रीत, नपुगेको म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कारवाही गरिनेछैन ।

१२. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।थप बुझ्नु परेमा सम्पर्क नं. ९८५२६६०८२३ वा ९८५२६६०८२२ मा सम्पर्क राख्न सक्नुहुनेछ ।

१३. खरिद गरिने सामाग्रीआपूर्तिको स्पेशिफिकेशन सम्बन्धी विवरण बिड डकुमेन्टमा संलग्न राखिनेछ ।

१४. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

**निम्नः**

| ठेक्का नं. | कामको विवरण | धरौटी रकम रु. | दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| MRM/SQ/SG/G-2079/080/03 | मसलन्द तथा विविध कार्यालय सामाग्री आपुर्ती | ४०,०००|- | १,०००|- | |

. . . . . . . . . . . . . . . . . . . . . . . . .

प्रमुख प्रशासकीय अधिकृत